जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ४४, २०८२ असार ५ गते विहीबार, 19 Jun 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

मकवानपुरगढीमा स्थानीय स्रोतको दुरूपयोग

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरगढी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म विपरित बजेट तर्जुमा र कार्यान्वयनमा देखिएको अनियमितताका कारण स्थानीय स्रोतको दुरूपयोग भएको पाइएको छ।

बितेको आर्थिक वर्ष २०८०-०८१ मा पालिकाले आफ्नै कार्यक्षेत्रमित्रका विकास निर्माण र दीर्घकालीन पूँजी निर्माणमा केन्द्रित हुनुपर्नेमा नाफामूलक र बाह्य संस्थाहरुका लागि सामग्री खरिद तथा अनुदान शीर्षकमा ठूलो मात्रामा खर्च गरेको देखिन्छ। महाँलेखा परिक्षकको कार्यालयले हालसालै सार्वजनिक गरेको लेखापरिक्षण प्रतिवेदन अनुसार गाउँपालिकाले गरेका बिभीन्न खर्चमा प्रश्न उठाएको छ । गढी गाउँपालिकाले चालु प्रकृतिका कार्यक्रमहरुलाई पूँजीगत शीर्षकमा राखेर सहकारी संस्था, टोल विकास समिति, गुम्बा, र अन्य निकायहरुका लागि बजेट विनियोजन गरी खर्च गरेकोमा प्रश्न उठाएको छ । सामानहरू खरिद गर्दा कमीसन आउँछ भन्ने लोभमा नियम विपरित सामान हस्तान्तरण गरिएको छ। यस्तो खर्च गर्दा संस्थाको वास्तविक आवश्यकता, भौतिक र वित्तीय अवस्था, तथा सामग्री उपयोगको प्रभावकारि ता सम्बन्धमा कुनै औपचारिक मूल्याङ्कन नगरिएको महाँलेखाको प्रतिवेदनमा उल्लेख गरिएको छ।

बजेट तर्जुमा गर्दा प्राथमिकताका आधारमा स्रोतको विनियोजन हुनुपर्नेमा, पालिकाले पहुँच र आग्रहका आधारमा कार्यक्रम छनोट गरेको आशंका लेखापरीक्षण प्रतिवेदनमा प्रस्ट देखिन्छ। सामाग्री खरिदपछि त्यसको अनुगमन, मूल्यांकन तथा उपयोगको सुनिश्चितता गर्नुपर्ने कानुनी व्यवस्था हुँदाहुँदै पालिकाले त्यसलाई बेवास्ता गरेको पाइएको छ।

यसका साथै, गढी गाउँपालिकाले बितेको आर्थिक वर्ष २०८०-०८१ मा शिक्षा तथा स्वास्थ्य क्षेत्रमा शिवम सिमेन्टबाट प्राप्त भएको लाखौं रूपैयाँ बराबरको अनुदान सोझै विभिन्न संस्थाहरुमार्फत खर्च गरेको छ। तर उक्त रकम खर्च गरिएको पुष्टि गर्ने बिल, भरपाई, दस्तावेज तथा प्रमाणहरु संलग्न नगरिएको महाँलेखाले जनाएको छ । यस्तो अवस्थाले सार्वजनिक स्रोत पारदर्शी ढंगले प्रयोग भएको पुष्टि गर्न कठिन बनाउँछ। गाउँपालिकाको लगानीमा खर्चगरिएको र संझौता पनि त्यसैअनुसार गरिएको तर, सिमेन्ट शिबम सिमेन्ट उद्योगबाट निशुल्क लिएर खर्च गरिएपनि संझौता अनुसारको रकम भुक्तानी गर्दा शिमेन्टको रकम नघटाइनक भुक्तानी गरिएको छ ।

त्यस्तै, मकवानपुरगढी गाउँपालिकाले बितेको आर्थिक वर्ष २०८०-०८१ मा एउटै कम्पनिलाई नियम विपरित पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनजस्ता सेवामा समेत सार्वजनिक खरिद नियमावलीको पालना नगरिएको महाँलेखा परिक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ। एउटै कम्पनिबाट एकै आर्थिक वर्षमा दस लाखभन्दा बढीको सेवा सोझै खरिद गर्न नपाइने प्रावधान हुँदाहुँदै पनि पालिकाका प्रमुख प्रशासकिय अधिकृत र लेखा साखाका कर्मचारी समेतको मिलेमतोमा एउटै कम्पनि मार्फत १५ लाख रूपैयाँको सूचना एकै आर्थिक वर्षमा प्रकासन गरिएको गाउँपालिकाका एक कर्मचारीले बताए । कुनैपनि काम गर्दा पहिलेनै कार्यादेश दिएर मात्र काम गराउनुपर्ने भएपनि खरिद प्रक्रिया पूर्व कार्यादेश नदिई अनौपचारिक रूपमा सोझै भुक्तानी गरिएको महाँलेखा परिक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अनियमितता, अपारदर्शिता र प्राथमिकता बिहीन निर्णय प्रक्रियाले पालिकाको विकास योजना, दीर्घकालीन पूर्वाधार निर्माण, तथा स्रोत व्यवस्थापनमा नकारात्मक असर पुर्‍याएको स्पष्ट देखिन्छ। कानुनी र वित्तीय व्यवस्थाको यथोचित पालना बिना गरिएको यस्ता कार्यले स्थानीय शासन प्रणालीप्रति जनविश्वास कमजोर पार्नसक्ने विज्ञहरुको चेतावनी छ। स्थानीय निकायको कार्य सम्पादन प्रभावकारी बनाउन स्रोतको उपयोग, खर्च पारदर्शिता, र अनुगमन प्रणालीलाई सुदृढ बनाउने आवश्यकता देखिएको छ। यस विषयमा आफुलाई जानकारी नभएको र महाँलेखाले प्रश्न उठाएको विषयमा आफुले छानविन गर्ने मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङतानले बताए ।

सरकारको जोडबल सडक पुनर्निर्माणमा

○ सहीखबर संवाददाता

मकवानपुर । मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको आधार भौतिक पूर्वाधार हो । मुख्यत: विकासको पूर्व सर्त हो सडक तथा पुल । विकासको मेरूदण्डको रुपमा लिइने सडक पूर्वाधारले अर्थतन्त्रलाई बलियो बनाउने मात्र नभई उत्पादन र उत्पादकत्व बढाउने गर्दछ ।

त्यस्तै एक पूर्वाधार हो, हेटौंडा काठमाडौं जोड्ने भैंसे-भीमफेदी-कुलेखानी-काठमाडौं सडक ।

बागमती प्रदेश सरकारको एकल लगानीमा निर्माण भइरहेको सो सडक अनेक बाधा व्यवधान भोग्न बाध्य छ । बगरमा परिणत भएको सिस्नेरी बजारको पुनर्निर्माणका लागि बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले काम गर्दै आएको छ ।

मन्त्रालयले रूग्ण आयोजनाको निकास, विपद् प्रतिकार्य, नीति निर्माण र भौतिक पूर्वाधार निर्माणमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्नुका साथै विकासतर्फको आगामी कार्यदिशा समेत तय गरेको छ । त्यसो त हिउँद वर्षा मौसमी चक्र नियमित हुने प्रक्रिया हो । स्वाभाविक प्रक्रियाको अस्वाभाविक नतिजा बागमती प्रदेशले भोग्नु पर्‍यो । गत असोज ११ र १२ गते आएको विनाशकारी बाढी र पहिरोले धेरै सडक संरचना तहसनहस पार्‍यो ।

सांघीय राजधानी काठमाडौं र प्रदेश राजधानी हेटौंडा जोड्ने हेटौंडा-कुलेखानी-दक्षिणकाली-काठमाडौं, कुलेखानी-फाखेल-काठमाडौं, कुलेखानी-महालक्ष्मीखोला -चखेल -काठमाडौं सडकमा व्यापक क्षति भयो । सञ्चालनको अन्तिम तयारीमा रहेको भीमफेदी-कुलेखानी- सिस्नेरी सडक विपद्को मारमा पर्‍यो । असोजको वर्षाले सो सडकको ढ्याक नै बगरमा परिणत गरिदियो । अर्बौं रूपैयाँको लगानी कुलेखानी जलाशयको बाढीले क्षणभरमै बगायो ।

सांघीय राजधानीसँग प्रादेशिक राजधानीको सम्पर्क टुट्यो । मनसुनजन्य विपदमा भौतिक पूर्वाधारको क्षति व्यवस्थापन र अवरूद्ध सडक तत्काल खुलाउने गरी यातायात पूर्वाधार निर्देशनालयको संयोजकत्वमा गठन गरिएको द्रुत प्रतिकार्य टोली (क्यूआरटी)ले धमाधम काम गरेको यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका प्रमुख इन्जिनियर नवीन सिंहले जानकारी दिए ।

विपद्को समयमा प्रादेशिक सडकहरुको सूक्ष्म निगरानी तथा अवरूद्ध सडकहरु सञ्चालन हुने अवस्था तत्काल बनाउने संयन्त्र खडा गरिएको उनले बताए । सडक मर्मतलाई प्राथमिकता दिँदै छोटो समयमा अधिकांश सडकमा सवारी आवागमन सञ्चालन गराउन सफल भएको उनको भनाइ छ ।



कुलेखानी-छैमले सडक पुनर्निर्माण जारी

कुलेखानी-सिस्नेरी-छैमले सडकको पुनर्निर्माण द्रुत गतिमा भइरहेको छ । आगामी असार सम्ममा क्षतिग्रस्त सडकमा ग्रामेल गरी यातायात सञ्चालनको तयारी भइरहेको इन्जिनियर सिंहले बताए । कुलेखानी- सिस्नेरी-दक्षिणाकाली-काठमाडौं सडक मर्मत गर्न ३ प्याकेजमा ठेक्का आह्वान गरी काम भइरहेको उनले जानकारी दिए ।

कुलेखानी-सिस्नेरी खण्डको १ हजार ३०० मिटर सडक पुनर्निर्माणका लागि बागमती सरकारको पूर्वाधार विकास विशेष आयोजना गरेको थियो । इन्द्रसरोवर-३ एकान्तकुना लामा बगरमा ७०० मिटर र इन्द्रसरोवर-३ डोडारेमा ५०० मिटर सडक पुन: निर्माण गर्न आयोजनाले ७ करोड ५५ लाख रूपैयाँ लागत अनुमानसहित ठेक्का सार्वजनिक गरेको थियो ।

हेवी-ज्यामिरे खण्ड अन्तर्गत ७०० मिटर र सिस्नेरी बजार खण्डमा ५०० मिटर सडक निर्माणका लागि ४ करोड ४५ लाख ७५ हजार रूपैयाँ र ९७ करोड ५३ लाख रूपैयाँमा ठेक्का सम्झौता गरिएको कार्यालयका प्रमुख देवनारायण प्रसाद यादवले जानकारी दिए । उनका अनुसार हेवी-ज्यामिरे खण्डको निर्माण कार्यका लागि सिन्धुली दाहाल जेभी सिन्धुलीले ठेक्का सम्झौता गरी २०८० चैत ६ गतेबाट काम थालिसकेको छ । हाल सो खण्डको काम सम्पन्न भइसकेको र वित्तीय प्रगति ७७ प्रतिशत भएको यादवले बताए ।

त्यस्तै सिस्नेरी बजार खण्डको ५०० मिटर सडकका लागि ओडसिस पशुपत्रा जेभीसँग ठेक्का सम्झौता भई काम भइरहेको प्रमुख यादवले जानकारी दिए । ५०० मिटर सडक निर्माणका लागि स्थानीय ओडसिस पशुपत्रा जेभीले ९७ लाख ५३ लाख रूपैयाँ बोलकबोल गरी ठेक्का लिएको र सो खण्डको काम सम्पन्न गरी बगाएको ढ्याकलाई पुराने अवस्थामा फर्काइएको उनको भनाइ छ ।

उक्त ढ्याकमा ग्रामेल गरी सवारी सञ्चालनमा ल्याइएको छ । उक्त सडकको निर्माणको काम गरेबापत निर्माण कम्पनीलाई ८० प्रतिशत रकम भुक्तानी दिइएको पूर्वाधार विकास विशेष आयोजना हेटौंडाका प्रमुख यादवले बताए ।

दुवै खण्डको सडक निर्माणका लागि खोला किनार र बगाएको भागमा ढ्याक निर्माण गर्न जाली लगाउने, प्लम्प वाल लगाउने र ग्रामेल गर्ने काम भएको उनले जानकारी दिए ।

सो सडक खण्डको काठमाडौं खण्डमा भने पहिरोका कारण सडक अवरूद्ध हुँदै आएको छ । उक्त अवस्थालाई मध्यनजर गर्दै कार्यालय र मन्त्रालयले पहिरो पन्छाउने तथा सडक स्तरोन्नतिको काम जारी राखेको उनले बताए । सिस्नेरी-छैमले सडक आयोजना अन्तर्गत २०७८ असार ११ मा ठेक्का स्वीकृत गरी सो सडक निर्माण कार्य भइरहेको छ ।

बाँकी पेज ३ मा

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

मौसमी सचेतता अपनाऔं

नेपालमा मनसुन भित्रिएसँगै यो साताबाट भारी वर्षा भइरहेको छ । प्रकृतिको सुन्दर वरदान वर्षा, कहिलेकाहीँ विपद्को रुपमा आउँछ। जसले हरेक वर्ष ठूलो क्षति पुर्‍याउँछ। नेपालको भौगोलिक बनावट र मानवीय क्रियाकलापका कारण यो समस्या झन् जटिल छ। हरेक वर्ष बाढी र पहिरोले सयौंको ज्यान लिन्छ, हजारौंलाई घरबारविहीन बनाउँछ र अर्बौंको भौतिक क्षति गर्छ। सडक, पुल, खानेपानी र बिजुलीका पूर्वाधार भत्किँदा जनजीवन अस्तव्यस्त बन्छ। कृषिमा आधारित नेपाली अर्थतन्त्रमा प्रत्यक्ष असर पर्छ। बाली बगाउँछ र भोकमरीको जोखिम बढाउँछ। विस्थापित भएका नागरिकहरुले भोग्नुपर्ने मानसिक र शारीरिक पीडा त छँदै छ।

छोटो समयमा हुने अत्यधिक वर्षाले नदीहरुमा पानीको बहाव बढाउदै जमिन कमजोर बनाउँछ। कमजोर भौगोलिक संरचनामा थोरै पानीले पनि पहिरो जान्छ। जथाभाबी वन फँडानीले माटोको खण्डीकरण बढेको छ । वैज्ञानिक मापदण्डबिनै गरिने सडक निर्माण, भवन निर्माण र नदी किनारका अव्यवस्थित बस्तीहरुले बाढी र पहिरोको जोखिम बढाएका छन्। जलवायु परिवर्तनका कारण वर्षाको ढाँचामा आएको परिवर्तनले अप्रत्याशित र तीव्र वर्षाका घटनाहरु बढेका छन्, जसले यी विपद्लाई अझ भयावह बनाइरहेको छ।

यो समस्या समाधानका लागि सरकार, स्थानीय तह, निजी क्षेत्र र आमनागरिक सबैको साझा प्रयास अपरिहार्य छ। दिगो विकास र पर्यावरणीय सन्तुलनलाई प्राथमिकतामा राखेर गरिने सामूहिक प्रयत्नले मात्र नेपाललाई बाढी र पहिरोको चपेटाबाट जोगाउन सक्छ। अब मौसमी तयारी होइन, दिगो समाधानको खाँचो छ। अहिले वर्षाकै समय भएकोले आफ्नो दैनिकीसँगै सुरक्षाको उपायहरू अपनाउनु जरूरी छ। अत्यवश्यक कामले बाहिर निस्कदा बाटो, मौसमको जानकारी लिएर मात्रै निस्कनु पर्छ। साथै खानपानमा विशेष ध्यान दिने, स्वास्थ्योपचारको सवालमा सचेत हुनुपर्छ ।

कोही किन कसैको होस् ?

बबिता बस्नेत



एकार्काको साथ या भनौं जीवनसाथीलाई लिएर अहिले केही कुरा बहसमा छन्, त्यसमध्येको एउटा हो विवाहको उमेर । हाम्रो समाजमा एकर्काको साथलाई विवाहसँगै जोडेर हेरिने हुँदा विवाहका बारेमा समूदायअनुसार आ आफ्नै प्रकारका मूल्य मान्यताहरु छन् । विवाहका लागि केटीको उमेर २० वर्ष हुनुपर्ने कानूनले तोकेको छ । कानूनले तोकेपनि छोरीहरुले २० वर्षमै विवाह गर्न मने हुँदैन भन्ने लाग्छ, २० वर्षमा त पढाइ नै सकिएको हुँदैन । अहिलेका छोरीहरुको जिन्दगीको न्यूनतम शर्त आत्मनिर्भरता हुनुपर्छ । काम जे गरेपनि हुन्छ, प्राविधिक, अप्राविधिक, शारीरिक श्रम बढी गर्नुपर्ने या मानसिक श्रम बढी, काम काम नै हो ।

बाबुआमा सम्पत्तिवाल हुन् या नहुन् हरेक छोरीहरुले आफ्नो खुट्टामा उभिन जरूरी छ । महिला, पुरूष, एलजीबीटीआईक्यू समूदाय सबैले आत्मनिर्भर हुन आवश्यक छ । तर महिलाले विवाह गरेर अर्काको घरमा जाने प्रचलन भएकाले महिलाहरुको आत्मनिर्भरता थप आवश्यक छ । आफूमाथि अन्याय भयो, कुनैपनि नाममा कुनै विपद् आइलाग्यो भनें आफै बाँच्ने हिम्मत सबैमा हुनुपर्छ, समाजले हेर्ने दृटिकोणका कारण महिलाहरुमा अलि बढी हुनुपर्छ ।

उमेर शारीरिक मात्र नभइ मानसिक परिपक्कताका लागि पनि आवश्यक हुने रहेछ । अहिले जति पनि वैवाहिक सम्बन्धहरु टुटिरहेका छन्, ती प्राय: एकर्कालाई राम्ररी बुझ्दैनबुझी लहडमा गरि एका देखिन्छन्, भेटिन्छन् । युवा अवस्थामा एकर्काको साथको महत्व नै नबुझी आकर्षणाले, उमेर बढी भयो भनें विवाह नहोला कि ? बच्चा पाउन ढिलो होला कि ? समाजले के भन्ला ? भनेर विवाह गर्नु, गराउनु भनेको जसले गरेपनि धोखा हो । आफैलाई घात गर्ने मानिसहरुको संख्या यहाँ ठुलो छ । त्यसैले विवाहको उमेरमा अब धेरै छलफल र बहस गरिरहनु पर्छ जस्तो लाग्दैन । उमेर घटाउने कुरा मन्त्री, सांसदहरुले त के बाबुआमा या घर परिवारका कुनैपनि सदस्यहरुले गर्न मिल्दैन ।

समयक्रममा विवाहलाई फरक तरिकाले हेर्नुपर्छ जस्तो लाग्छ । सम्बन्धमा प्राय: मानिसहरुबाट गल्ती भइरहेको हुन्छ । प्रेम या सम्बन्धलाई लिएर गल्ती नगर्ने मानिसहरु शायदै कम छन् । गल्तीहरु भएपनि विगतलाई लिएर हुने 'रिग्रेट'बाट भनें ठाढा रहनुपर्छ । हरेक मानिस आफैमा छुट्टै ब्राण्ड हो । दुई अलग अलग पृष्ठभूमि, सोच र परिवेशका मानिस सँगै बस्नु त्यति सहज कुरा पनि होइन । यो असहज कामलाई सहज बनाउन मानिसले धेरै मिहेनत गर्नुपर्ने हुन्छ । कोही किन कसैको हुन्छ ? विगतमा कतिले आफ्नो सुरक्षाका लागि विवाह गरे, कतिले सन्तान पाउन, कतिले त घरमा काम गर्नकै लागि पनि विवाह गरे । महिला र पुरूषका लागि विवाहको अर्थ र महत्व फरक फरक थियो, अझै पनि छ । महिलाहरुले आत्मसम्मानित जीवनका बारेमा नसोच्दासम्म वैवाहिक जीवन एकतर्फी सोचले अगाडि बढिरहेको थियो, जब महिलाहरुमा 'सेल्फ रेस्पेक्ट'ले ठाउँ लिन थाल्यो सम्बन्धलाई हेर्ने दृष्टिकोण फरक बन्दै गयो, गइरहेको छ ।

जीवनमा कसैको साथको परिकल्पना गर्नुको अर्थ उसलाई विश्वास गर्नु हो । तथापि आफूभन्दा विश्वासिलो मान्छे अर्को हुँदैन । कतिपय मानिसहरु यस्ता हुन्छन्, विश्वास गर्दागर्दै तिनले आत्मविश्वास गिराउन सक्छन् । महिला, पुरूष सबैमा यो लागु हुन्छ । हिजोआज 'लिभिङ टुगेदर' बस्ने चलन पनि बढ्दै गएको छ । युवा उमेरका मात्र नभइ परिपक्व उमेरका एकल जीवन बिताइरहेकाहरु पनि साथमा हुन्छन् या भनेंजस्तो मान्छे पायो भने ठिकै हुन्छ भनेर 'कम्पानियनसीप'को परिकल्पना गरिरहेका हुन्छन् । जीवनमा जे हुनु भयो, सकियो अब म एक्लै बाँच्छु भन्ने मानिसहरुको संख्या धेरै हुँदैन । एक्लै बस्नु र एक्लोपन फरक कुरा हो । आफूसँग कोही हुँदाहुँदै पनि साहि परेन भने मानिस एक्लोपनबाट गुज्रिन सक्छ । आफैसँग रमाउने मान्छे कोही मानिससँग सम्बन्धमा नरहेपनि एक्लोपनरहित खुशी जीवन बाँचिरहेको हुनसक्छ, हुन्छ । कोही मान्छे साथमा हुँदाहुँदै पनि आफूलाई दु:खपर्दा काम लाग्दैन भने जीवनमा कोही हुनु र नहुनुको खासै अर्थ हुँदैन ।

तपाई करौको साथमा छु भन्ने ठानिरहनु भएको छ तर बिरामी पर्दा एक्लै अस्पताल जानुपर्छ भने करौको साथमा छु या कोही मेरो साथमा छ भनेर नसोच्नु नै राम्रो हुन्छ । महिला, पुरूष या अन्य सबैमा मानव जातिमा लागु हुने कुरा हो यो । आफ्नो मान्छेले म्याउँदै नम्याएर, इमर्जेन्सी परेर या ठाढा दूरीमा भएको बेला एक्लै अस्पताल जानुलाई भने सामान्यरुपमा लिनुपर्ने हुन्छ । उदाहरणहरु अन्य धेरै हुन सक्छन्, प्राय: मानिसले बिरामी हुँदा एक्लै नपरियोस्, दु:खमा साथ होस् भन्ने परिकल्पना गरेर विवाह गर्ने या सम्बन्ध स्थापित गर्ने बुझेको, देखेको हुनाले अस्पताल अगाडि आएको हो । आफन्त, साथीभाइकहाँ जाँदा, विवाह, ब्रतबन्ध घटना अनेक हुनसक्छन् ।

मानिसहरु प्राय: दु:खमा साथको परिकल्पना गर्छन् तर खासमा सुखमा रमाउन, खुशीमा हाँस्न दु:खमा भन्दा बढी साथीको आवश्यकता पर्छ । तपाई रून एक्लै पनि सक्नुहुन्छ तर हाँस्न त एक्लै सकिँदैन, गाह्रो हुन्छ । तर त्यसका लागि पनि तपाईंलाई सही मानिसको आवश्यकता पर्छ । तपाईले कुनै सफलताको कुरा उत्साहित भएर सुनाइरहनु भएको छ तर साथमा रहेको मान्छेको मुहारमा तपाईको खुशीले दु:ख मरिरहेको छ भनें तपाई सही मानिसको साथमा हुनुहुन्न भनेर बुझ्नुपर्ने हुन्छ । दु:खमा मात्र होइन सुखमा पनि मानिसलाई सँगै हाँसिदिने मान्छे चाहिन्छ । यति पनि गर्न नसके कोही करौको किन हुने ?

सुख र खुशीमा नहाँसिदिने र दु:खमा साथ नदिने तर सँगै रहने मान्छेको सङ्ख्या यहाँ ठुलो छ । सँगै हुनु र एकार्काको साथ पाउनु फरक कुरा हो । सम्बन्ध प्राय: उत्तरदायित्वसँग जोडिएर आउँछ र उत्तरदायित्व महसूस गर्ने कुरा हो । पति पत्नी रहेका कति मानिसहरु तिमीले मलाई यसो गरेनौ, उसो गरेनौ भनिरहेका हुन्छन् । खासमा यस्ता कुराहरु अरूले भनेर नभइ आफै आउने कुरा हुन् । तपाईले करौलाई मलाई केयर गर, खाना खायौ ? भनेर सोध, तिमीलाई कस्तो छ ? के गुज्रिरहेको छ सोध्नु पर्दैन ? भनेर भनिरहनुहुन्छ भने तपाई समय बर्बाद गर्दै हुनुहुन्छ । त्यसो भनी भनी अघिबढेको सम्बन्ध कहिल्यै पनि तपाईले सोचेजस्तो हुँदैन । एकर्कालाई गर्ने वास्ता र बेवास्ता दुवै मनबाट आएका हुन्छन् । अरूले महसूस गराएर हुने कुरा होइनन् ।

मानिसको जीवनमा खुशी र शान्तिले बढी महत्व राख्छ । प्राय: मान्छे यी दुई कुराको चाहनामा भौंतारिरहेको हुन्छ । खुशीको चाहनामा आफूलाई दु:खी बनाइरहेको हुन्छ, शान्तिको चाहनामा अशान्त बनाइरहेको हुन्छ । हिजोआज हामी मानिसहरुको सम्बन्ध बिग्रनुको दोष, चाँडै विवाह गर्नुको दोष सामाजिक संजाललाई दिइरहेका छौं । खासमा सम्बन्धहरुमा दरार हिजो पनि थियो, सायै उमेरमा भागी विवाह विगतमा पनि हुन्थे, विवाहेत्तर सम्बन्धहरु हिजो पनि थिए । अहिले सामाजिक संजालका कारण मानिसहरु ती कुराबाट सुसूचित भएका मात्रै हुन् । जीवनमा जेजे भएपनि, जेजस्ता उतार चढावबाट गुज्रिनु परेपनि अन्ततः मानिसले संहाल्नुपर्ने चाहिँ आफूले आफैलाई हो । अरूलाई बनाउनुअघि हामीले आफूलाई बनाउनु आवश्यक हुन्छ । आफूले आफैलाई बनाउनुको अर्थ बिभिन्न परिस्थितिको सामना गर्न सक्नु हो ।

तपाईं पति, पत्नी, साथी, प्रेमी या प्रेमिका केके हुनुहुन्छ होला, तर जे जस्तो सम्बन्धमा भएपनि जीवन छोटो छ । यो छोटो जीवनमा गर्नुपर्ने कुरा धेरै छन् । एकर्काको राम्रो साथ भयो भने जीवन सहज हुन्छ । राम्रो साथ भएन र विश्वास बढ्नुको साटो आत्मविश्वास खस्किन थाल्यो भने एकर्कालाई आरोप प्रत्यारोप गर्नुभन्दा एक्लोपनबिनाको एक्लो यात्रामा हिँड्नु राम्रो हुन्छ । जिन्दगीको लडाइँ आफैसँग सहज छैन, अरूसँग के लडिरहनु ? करौसँग लगातार लडिरहन हामीसँग समय पनि छैन । आफूलाई राम्रो गर्न त समय दिनदिने कम भएर गइरहेको छ, अरूलाई नराम्रो गरेर किन बिताउनु ?

आफू एक्लै हिँड्नका लागि पनि मानिसले आफूलाई तयार गर्नु आवश्यक छ । कहिलेकाहीँ आफ्नोपनले भरिएको साथ हुँदाहुँदै पनि साथमा रहेको मान्छेले संसार छोडिदिँदा जीवनमा अकस्मात मानिस एक्लै पर्न सक्छ । कुनैपनि परिस्थितिले डोऱ्याउँदै लगेर तपाई एक्लै अप्रेसन थिएटरमा गएर बस्नुपर्ने दिन आउन सक्छ, त्यसैले सबैभन्दा भरोसायोग्य जीवनमा कोही छ भने त्यो हामी आफै हो । कुनैपनि परिस्थितिलाई सम्हाल्न सक्नेगरी आफूलाई बनाउँ ।

घटना र विचारबाट

सरकारको जोडबल सडक....

“भैंसे-भीमफेदी सडकखण्डमा रहेका २ वटा बेलीब्रिज धमाधम भिक्ने काम भइरहेको छ” निर्देशनालय प्रमुख सिंह ।





मन्त्रालय र मातहतको कार्यालयबाट १० महिने अवधिमा मात्र ३६ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ भने ५० किलोमिटर सडक कालोपत्रे तयारी भइरहेको छ । २९ किलोमिटर सडक ढलान भएको छ भने १५ किलोमिटर ढलान गर्ने तयारी अवस्थामा छ ।

कार्यालय प्रमुख यादवका अनुसार ५४ करोड ८७ लाख ४० लाख रूपैयाँ लागत अनुमान गरिएको सो सडक आयोजनाको ३१ करोड ९३ लाख ११ हजार रूपैयाँमा रौता राम सागर जेभीले ठेक्का सम्झौता गरेको थियो ।

सो ठेक्काको हालसम्म ३ पटक म्याद थप भइसकेको उनले बताए । २०८० असार १३ मा काम सम्पन्न गर्नुपर्ने उक्त ठेक्काको पहिलो पटक २०८० चैत ३० गतेसम्म म्याद थप गरिएको थियो । दोस्रो पटक २०८१ कात्तिक २३ सम्ममा काम सम्पन्न गर्ने गरी म्याद थप गरिए पनि निर्माण सम्पन्न हुन नसकेको उनले बताए ।

तेस्रो पटक सार्वजनिक खरिद ऐनको १४ औं संशोधनले पुन: म्याद थप गरेर हाल उक्त सडकको २० प्रतिशत काम बाँकी रहेको उनले बताए । सो सडकको केही भाग मात्र कालो पत्रे गर्न बाँकी छ भने उक्त सडक निर्माण गरे बापत ८१ प्रतिशत रकम भुक्तानी लिएको छ ।

सिमखोलामा बेलीब्रिज हालिदै

गत असोजमा कुलेखानी जलाशयको बढीले क्षति पुगेको सिमखोलाको पुल भएको स्थानमा बेलीब्रिज हाल्ने प्रक्रिया पनि अघि बढेको छ । कुलेखानी इयाममुनिको सिम खोलामा बेलीब्रिज जडानका लागि यातायात पूर्वाधार निर्देशनालय मार्फत १ करोड ८९ लाख लागत अनुमानसहित ठेक्का निकालिएको थियो ।

सिम खोलामा भीमफेदी गाउँपालिका-६ स्थित मान्डु खोलामा रहेको बेलीब्रिज निकालेर हाल्ने काम भइरहेको छ ।

पुलको दायाँबायाँ अर्थात् पहुँच मार्ग नै बगाएकाले बेलीब्रिज राख्न लागिएको हो । भैंसे-भीमफेदी सडकखण्डमा रहेका २ वटा बेलीब्रिज धमाधम भिक्ने काम भइरहेको निर्देशनालयका प्रमुख सिंहले बताए ।

सिमखोलामा ६० मिटर लामो बेलीब्रिज हाल्नुपर्ने भएकाले २ वटा बेलीब्रिज भिक्नुपरेको उनले बताए । घट्टे खोलाको बेलीब्रिज १३ मिटर लामो छ भने माण्डुखोलामा ५० मिटर लम्बाइको छ ।

असार १५ सम्म बेलीब्रिज हालेर सवारी आउजाउ गराउने लक्ष्यका साथ काम गरिरहेको उनले बताए । बेलीब्रिज राख्न, पक्की पहुँच मार्ग बनाउन र पुल वरिपरिको क्षतिग्रस्त सडक निर्माण गर्न गौरव इन्जिनियर्स प्रालिले एक करोड ८८ लाखमा ठेक्का पाएको छ ।

फाखेल र मातातीर्थमा कालोपत्रे जारी

यता हेटौंडा-काठमाडौं जोड्ने कुलेखानी-फाखेल-हुमाने सडकको निर्माण कार्य पनि जारी छ । हेटौंडा-फाखेल-फर्पिङ सडक आयोजना अन्तर्गत कुलेखानी-हुमाने-भञ्ज्याङ खण्ड (इन्द्रसरोवर गाउँपालिका वडा नम्बर-२, ४) पीआर इन्फ्रास्टकचर, बालकुमारी, ललितपुरले १२.६ किलोमिटर (हुमाने देखि कलंकीसम्म)को ठेक्का लिएको पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर सुजन भण्डारीले जानकारी दिए ।

जसमा ७.७५ किलोमिटर कालोपत्रे तथा ढलान सडक २ किलोमिटर (बाँकी पुरानो ढलान सतह) निर्माण गर्ने गरी उक्त खण्डको काम भइरहेको उनले बताए ।

२०८० बैशाख १७ मा निर्माण सम्झौता गरेको सो सडक खण्डको काम २०८२ असोज १६ गते सम्पन्न गर्नुपर्ने उनको भनाइ छ । ४० करोड ७२ लाख ४५ हजार रूपैयाँमा ठेक्का लागेको उक्त खण्डमा सडक चौडा गर्ने, ढेवा पर्खाल, नाली निर्माण, कल्भर्ट निर्माण, सबबेस, बेस, सडक सतह कालोपत्रे तथा ढलान कार्य गर्ने काम भएको उनले बताए ।

उक्त सडकको काठमाडौंतर्फको फर्पिङ-दुल्कु - हुमाने भञ्ज्याङ खण्डको ३ प्याकेजमा काम भइरहेको यातायात पूर्वाधार निर्देशनालयका प्रमुख सिंहले जानकारी दिए । फर्पिङबाट ३.५० किलोमिटर सडक खण्ड निर्माणका लागि १४ करोड ५८ लाख ३५ हजार रूपैयाँमा ठेक्का लागेर काम भइरहेको उनको भनाइ छ । २०८० फागुन ३० मा सम्पन्न गर्ने गरी २०७९ साउन २० मा ठेक्का सम्झौता भएको उक्त सडक खण्डको केही भागको काम बाँकी रहेको र सो खण्डको अधिकांश सडक कालोपत्रे भइसकेको उनले बताए ।

त्यस्तै दोस्रो प्याकेजमा फर्पिङबाट कुमाने तर्फ ३.५० किलोमिटर देखि ६.६६ किलोमिटरको खण्डको १४ करोड ३० लाख ३६ हजार रूपैयाँमा ठेक्का लागेर काम भइरहेको प्रमुख सिंहले बताए । उनका अनुसार २०७९ साउन २० मा ठेक्का सम्झौता भएको उक्त खण्डको काम २०८० चैत १४ सम्म सम्पन्न गर्नुपर्ने भए पनि केही घर र पहिरोका कारण काम सम्पन्न हुन सकेको छैन ।

मुआब्जा र पहिरो व्यवस्थापन गरेर सो सडकको काम सम्पन्न गर्ने गरी काम भइरहेको छ ।

तेस्रो प्याकेज अन्तर्गत ६.६६ किलोमिटरदेखि हुमो भञ्ज्याङसम्मको सडक कालोपत्रे सम्पन्न भइसकेको छ । २०८० साउन ५ मा ठेक्का सम्झौता भएको उक्त सडक खण्डको ५ करोड ६७ लाख ९१ हजार रूपैयाँमा ठेक्का सम्झौता गरी निर्माण कार्य सम्पन्न गरिएको हो । तीन वटै सडक खण्डमा प्लम्प वाल निर्माण, मेसिनरी वाल, ग्याविन वाल लगाउने, ढलान, कालोपत्रे गर्ने काम गरिएको छ ।

उता फाखेल मातातीर्थ सडक खण्डको निर्माण कार्य पनि जारी छ । इन्द्रसरोवर गाउँपालिका-५ मा पर्ने ६.३ किलोमिटरको उक्त सडक खण्डको सदाशिव/हिमाल कन्सट्रक्सन जेभी, काठमाडौंले निर्माण गरिरहेको छ । जसमा ६ किलोमिटर सडक कालोपत्रे तथा ०.३ किलोमिटर सडक ढलान गर्ने गरी २०८० कात्तिक १९ गते ठेक्का सम्झौता गरिएको थियो । सो सडक निर्माणको काम २०८२ कात्तिक १० गते सम्पन्न गर्नुपर्ने छ ।

उक्त सडक असार मसान्तमै लक्ष्य अनुसार पूर्वाधार विकास कार्यालय मकवानपुर मार्फत काम भइरहेको छ । १८ करोड ४६ लाख ५० हजार रूपैयाँमा ठेक्का लागेको सो सडकमा चौडा गर्ने, ढेवा पर्खाल, नाली निर्माण, कल्भर्ट निर्माण, सबबेस, बेस, सडक सतह कालोपत्रे तथा ढलान कार्य गर्नुपर्ने हुन्छ । सो खण्डको ७५ प्रतिशत भौतिक प्रगति छ ।

मन्त्रालय र मातहतको कार्यालयबाट १० महिने अवधिमा मात्र ३६ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ भने ५० किलोमिटर सडक कालोपत्रे तयारी भइरहेको छ । २९ किलोमिटर सडक ढलान भएको छ भने १५ किलोमिटर ढलान गर्ने तयारी अवस्थामा छ । प्रदेश सरकारले पछिल्लो १० महिनाको अवधिमा ६४ किलोमिटर सडक ग्राभेल र ३१.५ किमी नयाँ ट्र्याक खोलेको छ । १५ वटा पक्की सडक पुल निर्माण हुँदा ४ वटा झोलुङ्गे पुल, १० कल्भर्ट निर्माण सम्पन्न भएको छ । ५ वटा सामुदायिक भवन निर्माण, चेपाङ, वनकरिया, बोटे समुदायका लागि ३६० आवास निर्माण, जनता आवास कार्यक्रम अन्तर्गत ३० घर सम्पन्न, चुरियामाई सुरूङमार्ग पुनर्निर्माण र हस्तान्तरण, प्रदेश सभाहलको निर्माण अन्तिम चरणमा पुगेको छ । *(पत्रकार गणेश दुलालद्वारा लिखित यो समाचार रातोपाटीमा पनि प्रकाशित छ ।)*

युवा परिषद्लाई खेलकुदमा नगाम्न आग्रह

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको ४ वर्ष कार्यकाल सकिएको छ ।

कार्यकाल सकिएपछि चौलागाईले आफ्नो कार्यकालमा भएका कामको जानकारी गराउन पत्रकार भेटघाट गरे ।

जेठ मसान्तमा कार्यकाल सकिएसँगै पत्रकार भेटघाटमा चौलागाईले आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा प्रदेश युवा परिषद्लाई खेलकुद विकास परिषदमा गाम्ने निर्णय सच्याउन आग्रह गरेका छन् ।

'परिषद्ले युवा पुस्तालाई प्रदेश सरकार र सरोकारवालासँग जोड्न सफल भएको छ' उनले भने 'युवा परिषद्लाई अझ सशक्त बनाएर अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो ।' युवा परिषद्लाई खेलकुदमा गाम्ने निर्णय कानूनीरूपमा पनि जटिल रहेको उनले बताए ।

एक पटक भर्चुअल र ३ पटक भौतिक उपस्थितिमै प्रदेशका १३ वटै जिल्लाका युवाको सहभागितामा युवा सम्मेलनको आयोजना गर्नु आफ्नो कार्यकालको महत्वपूर्ण उपलब्धी भएको उनले जानकारी दिए । 'आम युवाको सक्षमता, क्षमता विकास र रोजगारी सिर्जनाको क्षेत्रमा काम गर्ने युवा परिषद्लाई सरकारले बजेट विनियोजनमा विभेद गर्ने गरेको छ' उनले भने । ४ वर्षे कार्यकालमा १० हजार भन्दा बढी युवालाई रोजगारमूलक तालिम प्रदान गरिएको, सयौं युवा स्वरोजगार भएको उनले बताए ।

महिला युवाका लागि आत्मरक्षा तालिम सञ्चालन परिषद्को अर्को उपलब्धि रहेको चौलागाईले बताए। तालिमलाई १३ वटै जिल्लामा फैलाएर प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको उनले जानकारी दिए । उनका अनुसार युवालाई कुलतबाट जोगाउँदै समाजप्रति उत्तरदायी बनाउन कार्यशाला, अभिमुखीकरण तथा प्रेरणात्मक कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

सरकार परिवर्तनको बेला एकपटक प्रदेश सरकारसँग केही असमझदारी भए पनि अदालतले पुनर्स्थापित गरेसँगै आफूलाई काम गर्न कुनै समस्या नभएको चौलागाईले जानकारी दिए । 'सरकार लाई युवासँग जोड्न र सरकारसम्म युवाको पहूँच स्थापित गर्न परिषद्ले सहजकर्ताको भूमिका निर्वाह गरेको छ' उनले भने । कार्यकाल सकिए पनि मैले हासिल गरेको ज्ञान, सीपलाई आगामी दिनमा आवश्यकताअनुसार सहयोग गर्दै जाने उनले बताए ।

'युवालाई देशमै बस्नुपर्छ,यही काम गर्नुपर्छ भन्ने भावना अभिवृद्धि गराउन परिषद्ले निर्वाह गरेको भूमिकालाई निरन्तरता दिनुपर्छ' उनले भने । मुख्यमन्त्रीसँग युवाको संवाद समेत गराएको उनले जानकारी दिए । चौलागाईले आफ्नो कार्यकालमा साथ, सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरेका छन् ।

मनहरीमा आन्तरिक स्रोतबाट ५ वटा पक्की पुल निर्माण

मकवानपुर । मकवानपुरको मनहरी गाउँपालिकामा ५ वटा पक्की पुल निर्माण सम्पन्न गरेको छ। गाउँपालिकाले आफ्नै स्रोतको करिब साढे ३३ करोडको लगानीमा उक्त पुल निर्माण गरेको हो ।

बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले निर्माण सम्पन्न ५ मध्ये ३ वटा पुलको उद्घाटन गरेका छन् । ३ वटा पुलको गत वर्षनै उद्घाटन गरिएको थियो । उद्घाटन गरिएका मध्ये मनहरी ३ मा रहेको ठाडोखोला पुल ८ दशमलव ४० मिटर चौडाइ र ९० मिटर लम्बाइको ३ स्पानको रहेको छ । जसको निर्माण हिराचन बानियाँ जेभीले ८ करोड ६७ लाख ५ हजार रूपैयाँमा गरेको हो। त्यस्तै हाँडी खोला पुल ३५ मिटर लम्बाइको १ स्पानको पुल हो, जसलाई भैरव नारायणम् जेभीले ५ करोड ३५ लाख ५१ हजार रूपैयाँको ठेक्का सम्झौतामा निर्माण गरेको हो।

पुल उद्घाटन कार्यक्रममा बानियाँले गाउँपालिकाको कामको प्रशंसा गर्दै हाँडीखोलाकाका कृषकले उत्पादन गरेका कृषि उपज बजारसम्म पुऱ्याउन सहज हुने बताए। 'हाँडीखोलालाई पूर्वपश्चिम राजमार्गसँग जोड्न प्रदेश सरकारमार्फत राप्ती खोलामा पुल बनायौं' उनले भने । पालिकाको वडालाई जोड्न गाउँपालिकाले आफ्नै स्रोतबाट पुल बनाएको छ" उनले भने 'लामिटार मकरी सडक पिच गर्न प्रदेश सरकारमार्फत आवश्यक बजेट विनियोजन गर्न पहल गर्नेछु ।

प्रदेश सभा सदस्य बानियाँले २०८४ सालसम्म उक्त सडक जसरी पनि पिच गराएरै छोड्ने आश्वासन दिए । उनले हाँडीखोलाको चकरीबाट हेटौंडा १३ पदमपोखरी जोड्ने पुल निर्माणका लागि प्रदेश सरकारबाट बजेट व्यवस्थापन गरिने प्रतिबद्धता जनाए। वर्तमान शासन प्रणाली जनताको पक्षमा रहेको बताउँदै उनले भने 'संघीयता र गणतन्त्र पछि विकासको सम्भावना प्रशस्त रहेको बताए।' गाउँपालिकाको लामिटार मकरी चकरी बेलडाँडा सडक अन्तर्गतका तीनवटा पुल गत वर्ष नै निर्माण सम्पन्न भई उद्घाटन समेत भइसकेको छ । तीमध्ये च्यापल खोला पुल (३ स्पान, लागत: ६ करोड ३८ लाख ९८ हजार), दवाङ्ग्रा खोला पुल (३ स्पान, लागत: ६ करोड ४९ लाख ६० हजार) र मसिने खोला पुल (३ स्पान, लागत: ६ करोड ५९ लाख ५० हजार) रहेका छन् ।

हावाहुरीबाट जोगिने उपाय

- ❖ घर लगायतका निर्माण संरचना बलियो बनाऔं ।
- ❖ हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- ❖ छानालाई रामरी कसेर बाधौं ।
- ❖ गमलालाई सुरक्षित तरिकाले राखौं।
- ❖ जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- ❖ भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- ❖ सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।

वडा अध्यक्ष नविन सिग्देल

४ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

स्वच्छ, सफा खानेपानी तथा वातावरणीय सरसरसफाइ सम्बन्धी जनहितकारी सन्देश पढौं, सोचौ तथा व्यवहारमा अवलम्बन गरी असल नागरिकको परिचय दिऔं ।

सावुन पानीले अनिवार्यरूपमा हातधुने बानी बसालौ

☐ चर्पीको प्रयोगपछि, ☐ खाना बनाउनु, पस्कनु, खानु र खुवाउनु अघि,
☐ कुनै फोहोरकुरा विषादी छोएपछि, ☐ बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि,
☐ खानेपानीको मुहान, स्रोत, धारा संरक्षण तथा सफा राखौं,
☐ खुल्ला स्थानमा दिसा, पिसाव नगरौं, ☐ फोहोरमैलाको उचित व्यवस्थापन गरौं,
☐ घर, आँगन, उद्यान, बाटोलगायत सार्वजनिक स्थान सफा राखौं ।
☐ स्वच्छ, सफा पिउने पानीमात्र प्रयोग गरौ ।

शुद्धिकरण गरेको पानीमात्र पिउने गरौं

☐ उमालेर, फिल्टर गरेर, क्लोरिनहालेर, सोडिस गरेर मात्र पिउने गरौं ।
☐ खानेपानीको टँकीमा ब्लीचिङ पाउडर नियमित प्रयोगगर्ने गरौं ।
☐ सुरक्षित पिउने पानी प्रयोग गरी झाडा पखाला, आँउ, रगतमासी, हैजा, जुका,म्यादेज्वरो, कमलपित्त, हेपाटाइटिस 'ए' आदि जस्ता रोगबाट बचौं ।
☐ सिंचाइ गरौं, उत्पादन बढाऔं, गरिवी घटाऔ ।
☐ बाढी, पहिरो, भूक्षय र डुवान जस्ता जल उत्पन्न प्रकोपबाट बच्न आवश्यक सावधानी अपनाऔं ।

स्वच्छ, सफा, सुन्दर वातावरण बनाऔ, असल नागरिक बनौं

१५ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

हावाहुरीबाट जोगिने उपाय

- घर लगायतका निर्माण संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी कसेर बाधौं ।
- गमलालाई सुरक्षित तरिकाले राखौं ।
- जस्ता पातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।

वडा अध्यक्ष एवम्

३ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

“एमालेमा देखिएका समस्या समाधान गर्न एमाले नै सक्षम छ”

○सहीखबर संवाददाता

मकवानपुर । नेकपा एमालेका उपाध्यक्ष एवं उपप्रधान तथा अर्थमन्त्री बिष्णुप्रसाद पौडेलले नेकपा एमालेमा देखिएका समस्याको समाधान गर्न नेतृत्व सक्षम भएको बताउनुभएको छ ।

समकालिन राजनीतिक पार्टीमा एमाले नै कम आन्तरिक समस्या भएको पार्टी रहेको उनले बताए । यस पार्टीमा देखिएका समाधानका लागि कसैको सहयोग नचाहिने उनले स्पष्ट पारे ।

नेकपा एमाले जनसंगठन संयन्त्रको बैठकलाई सम्बोधन गर्दै उपाध्यक्ष पौडेलले सो कुरा बताए। ‘कतैपनि सज्जो पार्टी भेटिदैन ।

धोएको मुला जस्तो,गंगाजल जस्तो पार्टी भेटिदैन’ उपाध्यक्ष पौडेलले भने ‘तर एमाले कम आन्तरिक समस्या भएको पार्टी हो । जे जस्ता समस्या पार्टीमा देखिन्छन् तिनलाई समाधान दिन वर्तमान नेतृत्व सक्षम छ ।’ एमालेमा केही केही समस्या भए पनि तिनलाई नीति र विधीको माध्यमबाट समाधान गरिने उनले बताए ।

उपाध्यक्ष पौडेलले पार्टीको विधान महाधिवेशन नजिकिदै गरेकोले त्यसको तयारीमा पार्टी लागिरहेको जानकारी दिए । भदौको तेस्रो साता हुने विधान महाधिवेशनले १० औं राष्ट्रिय महाधिवेशनपछि पार्टीले बैधानिक रूपमा सच्याउनु पर्ने,कार्यन्वयन गर्न भएका अफ्ठ्यारालाई सहज बनाउन विधान महाधिवेशनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । ‘विधान महाधिवेशन अघिल्लो विधान महाधिवेशन देखि हालसम्म पार्टी संगठन सञ्चालनमा देखिएका समस्यालाई वैधानिक रूपमा नै सुधार गर्ने विधी तय गर्नेछौं’ उपाध्यक्ष पौडेलले भने ‘केन्द्रीय कमिटीले विधानमा संसोधन गर्नुपर्ने विषयहरू प्रस्ताव गर्दछ ।

यी विषायहरू हामी महाधिवेशन प्रतिनिधीलाई पहिले नै पठाएर थप समृद्ध गर्न भन्नेछौं । ’उनले विधान महाधिवेशन नै नभई पार्टी नेतृत्वका विषयमा अनावश्यक अनुमान गर्ने र विभाजित हुने काम नगर्न उनले जनसंगठनलाई निर्देशन दिए ।

‘विधान महाधिवेशन भन्दा पहिला नेतृत्वको विषयमा छलफल नगरौं’ पौडेलले भने ‘विधान महाधिवेशनले विधि तय गरेपछि नेतृत्वको बारेमा छलफल गरौंला । एमालेमा नेतृत्वको विषयमा कुनै समस्या छैन ।’

उपाध्यक्ष पौडेलले पार्टी र जनसंगठनमा देखिएको शिथिलतालाई चिर्न सबै लाग्नुपर्ने बताए ।‘एमालेमा कुनै बेला सिटी फुकेको भरमा हजारौं मानिस सडकमा आउथे । अहिले किन मानिसह शिथिल भएका छन् ?’ उपाध्यक्ष पौडेलले भने ‘आम जनतामा उर्जा भर्न र जनताको बीचमा जान पार्टीका महत्वपूर्ण अंग जनसंगठन नै हुन् । उनीहरूले यो भूमिका निर्वाह गर्नुपर्दछ । ’

उपाध्यक्ष पौडेलले पार्टी निर्माणमा जनसंगठनको शसक्त भूमिका निर्वाह गर्नुपर्ने बताए । उनले २०४६/०४७ सालका जनसंगठन, २०६२/०६३ सालका जनसंगठन धेरै शसक्त भएको स्मरण गर्दै उनले वर्तमान अवस्थामा जनसंगठन पनि सुस्ताएको बताए। ‘जनसंगठन पार्टीको ब्याड हो ।

यहाँ रोपेका विरूवा हुर्किएपछि पार्टीमा सारिन्छ’ उहाँले भन्नुभयो ‘त्यसैले मुलरूपमा पार्टीको सम्पर्कमा नयाँ मानिसहरूलाई ल्याउने काम जनसंगठनको नै हो । तर अहिले कतिपय जनसंगठनले पार्टीकै कार्यकर्ता लगेर संगठित गर्ने अनि फेरी पार्टीमै फकाइदिने गरेका छन् । यसले संगठन र पार्टीको बिस्तार हुदैन ।’

जनसंगठन संयन्त्रको बैठकमा इन्चार्जहरूले रिपोर्टिङ गर्ने क्रम जारी छ ।

संयन्त्रका इन्चार्ज भानुभक्त ढकालका अनुसार हालै महाधिवेशन सम्पन्न भएका १६ वटा जनसंगठनका इन्चार्ज, अध्यक्ष, निवर्तमान अध्यक्ष र महासचिवहरू बैठकमा सहभागी छन् ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौं । पानीको मुहान/स्रोत संरक्षण गरौं ।

● सहीखबर साप्ताहिक

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

१० नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र
आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

६ वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

बागमती प्रदेशको ६७ अर्ब ४७ करोड बजेट, कुन् मन्त्रालयमा कति ?



○सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ का लागि कुल ६७ अर्ब ४७ करोड ७३ लाख रूपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ।

प्रदेश सरकारको बजेटमा भौतिक पूर्वाधार, खानेपानी, कृषि, स्वास्थ्य तथा सामाजिक क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ। प्रदेश सरकारले चालु खर्चतर्फ २६ अर्ब ४ करोड ४६ लाख रूपैयाँ (३८.६ प्रतिशत) र पूँजीगत खर्चतर्फ ४१ अर्ब ४३ करोड २६ लाख रूपैयाँ (६१.४ प्रतिशत) विनियोजन गरेको छ।

बजेट खर्चको स्रोततर्फ कर राजस्वबाट २८ अर्ब ७८ करोड ८३ लाख रूपैयाँ, अन्य विविध आम्दानीबाट ६ अर्ब ७९ करोड ४ लाख, संघीय सरकार को वित्तीय हस्तान्तरणमार्फत ४१ अर्ब ८१ करोड ९३ लाख र सञ्चित कोष तथा अन्य श्रोतबाट १६ अर्ब ९८ करोड ९४ लाख रूपैयाँ रहने अनुमान गरिएको छ।

सरकारले भौतिक पूर्वाधार विकासलाई मुख्य प्राथमिकता दिँदै २४ अर्ब ८० करोड १९ लाख रूपैयाँ छुट्याएको छ। त्यस्तै, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयका लागि ७ अर्ब २८ करोड ७१ लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि ३ अर्ब ६३ करोड ४३ लाख, संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयका लागि ३ अर्ब ६७ करोड ७० लाख, सहकारी तथा गरिबी निवारण मन्त्रालयका लागि २५ करोड ७८ लाख, र उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका लागि ७७ करोड ९६ लाख रूपैयाँ छुट्याइएको छ।

स्वास्थ्य मन्त्रालयका लागि ३ अर्ब ९६ करोड ८८ लाख, सामाजिक विकास मन्त्रालयका लागि ४ अर्ब ३५ करोड ९७ लाख, युवा तथा खेलकुद मन्त्रालयका लागि १ अर्ब १६ करोड, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका लागि ६२ करोड ११ लाख, र वन तथा वातावरण मन्त्रालयका लागि ३ अर्ब ९९ करोड ६७ लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ।

श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई ८७ करोड ४१ लाख रूपैयाँ बजेट दिइएको छ।

प्रदेश सरकारले बजेटमार्फत पूर्वाधार निर्माणसँगै कृषिको आधुनिकीकरण, स्वास्थ्य सेवाको पहुँच वृद्धि, पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना र सामाजिक सुरक्षा प्रणालीको सुदृढीकरणमा केन्द्रित हुने दाबी गरेको छ।

हावाहुरीबाट जोगिने उपाय

- ❖ घर लगायतका निर्माण संरचना बलियो बनाऔं ।
- ❖ हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- ❖ छानालाई राम्ररी कसेर बाधौं ।
- ❖ गमलालाई सुरक्षित तरिकाले राखौं।
- ❖ जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- ❖ भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- ❖ सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।

वडा अध्यक्ष पेम्बा लामा

१३ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

हाम्रो पहिचानमा हाम्रो गौरव

- ❖ नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
- ❖ परम्परा, चाडपर्व, लोककला जोगाऔं,
- ❖ मौलिक संस्कृतिमा गर्व गरौं,
- ❖ नक्कल होइन मौलिकता अपनाऔं,
- ❖ विविधतामा एकता कायम गरौं,

"राष्ट्रको पहिचानलाई सम्मान गरौं, हाम्रो पहिचान, हाम्रो स्वाभिमान"

नेपाल सरकार

विज्ञापन बोर्ड

योग्यता प्रणालीको सम्मान गरौं

- ❖ योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- ❖ योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोगजारीमा समान अवसरको सदुपयोग गरौं,
- ❖ प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
- ❖ निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- ❖ २०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं,

"योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिबद्धता"

नेपाल सरकार

विज्ञापन बोर्ड